प्रदेश सरकार
प्रदेश नं. १, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय मोरङ




## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम

## सार्वजनिक गरिएको र बार्षिक (२०८० साउन-२०८१ आषाढ)  प्रगति विवरण

## आ.व. २०८१/८२

**विषय सूची**


**१. डिभिजन वन कार्यालयको स्वरुप र प्रकृति** ........ 3
१.१ कार्यालयको उद्देश्य ........ 3
१.२ कार्यालयको कार्यक्षेत्र ........ 3
१.३ कार्यालयको संगठन स्वरुप ........ 4
**२. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि** ........ 5
**३. निर्णय गर्ने प्रकृया र अधिकारी** ........ 8
**४. निर्णय गर्ने प्रकृया र अधिकारी** ........ 8
**५. सम्पादन गरेको कामको विवरण** ........ 9
५.१ वनक्षेत्रको विवरण ........ 9
५.२ फिल्ड क्षेत्रको अनुगमन ........ 9
५.३ वन्यजन्तुको चोरी शिकारी नियन्त्रण तथा उद्धार र पिडित परिवारहरुलाई राहत ........ 9
५.४ वन विकास कार्यहरु ........ 10
५.४.१ नर्सरी निमार्ण/मर्मत ........ 10
५.४.२ विरुवा उत्पादन ........ 10
५.४.३ विरुवा वितरण ........ 11
५.४.४ गोडमेल/पुनः रोपण ........ 11
५.४.५ वृक्षारोपण ........ 12
**६. वन व्यवस्थापनका कार्यहरु** ........ 12
**७. स्विकृत कार्यक्रम र बजेट** ........ 13
**८. काठ दाउरा उत्पादन, आपुर्ति ब्यवस्थापन** ........ 13
**९. राजस्व र मु.अ.करको विवरण** ........ 14
**११. लाहा खेती विस्तार तथा प्रविधि हस्तान्तरण** ........ 15
**१२. मुद्दा दायरी र फर्छ्यौट** ........ 15
**१३. सूचना अधिकारी र प्रमुखको नाम र पद** ........ 15
**अनुसूची १ डिभिजन र सब डिभिजन कार्यालयहरु रहेको स्थान र कार्यक्षेत्रको विवरण र नक्सा** ........ 16

# १. डिभिजन वन कार्यालयको स्वरुप र प्रकृति

नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७५।०३।३२ को निर्णयबाट प्रदेश सरकार, प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रहने निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत भए अनुसार वनसंग प्रचलित सम्बन्धित ऐन, नियम, संघीय तथा प्रादेशिक वन नीतिको प्रभावकारी कार्यान्वयन गरी प्रदेश नं. १ भरिका वनक्षेत्रको दिगो विकास एवं व्यवस्थापन गर्न प्रदेश वन निर्देशनालय अन्तरगत १४ जिल्लाका १५ डिभिजन वन कार्यालय रहने व्यवस्था गरिएको छ । डिभिजन वन कार्यालय संघीय र प्रदेश सरकारको वनसंग सम्बन्धित ऐन, नियम, नीति र निर्देशन र कार्यक्रम कार्यान्वयन गर्ने जनस्तरमा रहेको सबैभन्दा तल्लो सेवा प्रवाह र कार्यान्वयनको इकाई समेत भएकोले यसलाई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय प्रदेश नं. १ को वनक्षेत्र निकायको मेरुदण्डको रुपमा हेरिएको छ ।

डिभिजन वन कार्यालयहरुमा कामको प्रकृति, विशिष्टता, सेवा प्रवाहको आवश्यकता र उपादेयतालाई मध्यनजर गरी वन प्राविधिक, प्रशासनिक तथा सशस्त्र वनरक्षक कर्मचारीहरुको दरबन्दीको व्यवस्थापन गरिएको छ । तराई, भित्री मधेश र पहाडका जिल्लाहरुको वनक्षेत्र संरक्षणको लागि सशस्त्र वन रक्षकहरु संघीय सरकार मातहत रहेर तिनको दरबन्दी डिभिजन वन कार्यालय अन्तर्गत राखी कामकाज गर्ने व्यवस्था गरिएको छ ।

## १.१ कार्यालयको उद्देश्य

डिभिजन वन कार्यालयका मूलभूत उद्देश्यहरु देहाय बमोजिम छन ।

- डिभिजनको क्षेत्रभित्रको राष्ट्रिय वनको संरक्षण, सम्वर्धन तथा सदुपयोग गर्ने ।
- डिभिजन स्तरीय संघीय र प्रदेश सरकारका वनसंग सम्बन्धित ऐन, नियम तथा नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।
- प्रचलित ऐन, नियम र नीति अनुसार सम्भाव्य साझेदारी, चक्ला, सामुदायिक, कबुलियती, संरक्षित तथा धार्मिक वन क्षेत्रहरुको पहिचान, विकास एवं व्यवस्थापन गर्ने ।
- डिभिजन स्तरिय वन विकास कार्यमा जनसहभागिता परिचालन गर्दै वन निकायबाट जनतालाई प्रवाह गर्नुपर्ने सेवासुविधा चुस्त, दुरुस्त, प्रभावकारी बनाई वन प्रशासन कायम गर्ने ।
- डिभिजनको क्षेत्रमा नीजि वन र कृषि वन प्रणालीको विकास एवं विस्तार गर्ने र आवश्यक सिप, ज्ञान र प्रविधी हस्तान्तरण गर्ने ।
- डिभिजन स्तरिय पन्चवर्षिय एवं वार्षिक योजना तर्जुमा गरी स्वीकृतिको लागि प्रदेश वन निर्देशनालयमा पेश गर्ने ।
- डिभिजन स्तरिय सरकारी तथा स्थानीय निकाय र गैरसरकारी संघसंस्थाहरु, स्थानीयतहहरुसंग समन्वय विस्तार गरी वन विकास एवं व्यवस्थापन कार्यहरु संचालन गर्ने ।
- डिभिजनमा संचालित वन विकास कार्यकमको प्रगती बिबरणको साथै अनुगमन प्रतिवेदन प्रदेश वन निर्देशनालय, वन तथा भू-संरक्षण विभाग र अन्य सम्वन्धित निकायहरुमा पेश गर्ने ।
- संघीय र प्रदेश सरकारले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।

## १.२ कार्यालयको कार्यक्षेत्र

- वन विकास तथा व्यवस्थापन सम्बन्धि संघीय र प्रदेश सरकारका ऐन, नियम नीति र निर्देशन कार्यान्वयन गर्ने ।
- वन संरक्षण एवं सम्बर्धन सम्बन्धी ऐन, नियम र नीति तर्जुमा संशोधन परिमार्जन गर्न वन निर्देशनालय मार्फत प्रदेश मन्त्रालय र वन तथा भू-संरक्षण विभागलाई सहयोग गर्ने ।

- डिभिजनस्तरिय वन विकास सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी अन्य सरोकारवालासंग समन्वय विस्तार गरी कार्यक्रम संचालन गर्ने ।
- नीजि वन र कृषि वनको विकास एवं व्यवस्थापन गर्न सरोकारवालालाई आवश्यक प्राविधिक सुझाव सल्लाह दिने ।
- वन व्यवस्थापन, गुणस्तरीय नर्सरी एवं विरुवा उत्पादन, बृक्षारोपण, जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी जानकारी सर्वसाधारणलाई उपलव्ध गराई वन व्यवस्थापन कार्यमा जनसहभागिता परिचालन गर्ने ।
- दिगो तथा वैज्ञानिक वन व्यवस्थापनको लागि कार्यक्रम तर्जुमा गरी वन निर्देशनालयमा पेश गर्ने र स्वीकृत भइ आएपछि कार्यान्वयन गर्ने ।
- वन अपराधसँग सम्बन्धित अभियुक्तहरुको लागि सरल र सुविधाजनक एवं मापदण्ड अनुसारको हिरासत व्यवस्थापन गर्ने गराउने ।
- वन तथा भू-संरक्षण विभागको निर्देशन अनुसार प्रदेशमा रहने शसस्त्र वन रक्षक क्याम्पको परिचालन गर्ने गराउने ।
- कानूनमा उल्लेख भए बमोजिम वन अपराध नियन्त्रण र अर्धन्यायिक न्याय सम्पादन गर्ने गराउने ।

## १.३ कार्यालयको संगठन स्वरुप

प्रदेश नं. १ का १४ जिल्लामा १५ वटा डिभिजन वन कार्यालयहरु स्थापना भएका छन् (उदयपुरमा २ र र बाँकी प्रति जिल्लामा १) । प्रत्येक डिभिजन वन कार्यालयको संगठन स्वरुप, दरबन्दी संख्या भिन्न भिन्न छन् ।

प्रदेश नं. १ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्वीकृत संगठन तथा व्यवस्थापन प्रतिवेदन, २०७५ अनुसार डिभिजन वन कार्यालय, मोरंगको संगठन स्वरुप निम्नानुसार रहेको छ । यस संगठनमा कर्मचारीहरुको जम्मा दरबन्दी **१४२** जनाको रहेको छ ।

(अ) डिभिजनल वन अधिकृत १ (रा.प.द्वि. प्रा. वन)
(आ) योजना शाखा (स.व.अ.२, रेञ्जर १, अपरेटर १, हेल्पर १)
(इ) वन ब्यवस्थापन शाखा (स.व.अ.२, रेञ्जर १, फरेष्टर २, वन रक्षक १)
(ई) कर्मचारी प्रशासन शाखा (शा.अ. १, ना.सु. १, खरिदार १, हसचा २, का.स. ३, चौकीदार १)
(उ) सब डिभिजन वन कार्यालयहरु १२ (स.व.अ. १२, रेञ्जर १२, वन रक्षक ७२)
(ऊ) आर्थिक प्रशासन शाखा (लेखा अधिकृत १, लेखापाल १)
(ए) सशस्त्र वन सुरक्षा शाखा (सुवेदार १, जमदार २, हवल्दार ४, स.व.र. १६)

यस कार्यालय मातहतमा रहेका १२ वटा सब डिभिजन वन कार्यालयहरुको नामावली र कार्यक्षेत्रको विवरण अनुसुची १ मा समावेश छ ।

## २. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस कार्यालयबाट प्रदान गरिने सेवाहरु, लाग्ने दस्तुर, प्रक्रिया र अवधि निम्न तालिकामा देखाएको छ ।

तालिका नं. १ : नागरिक वडापत्र

| क्र. सं. | सेवाको किसिम | सेवा प्राप्त गर्न पेश गर्नु पर्ने कागजातहरु/प्रकृया | सेवा प्राप्त गर्न लाग्ने | | सेवा दिने | | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | शूल्क दस्तुर | समय | शाखा, फाँट | कोठा नं. | | |
| १ | निजी वन दर्ता सहजिकरण | जग्गाधनिको निवेदन सहित जग्गाधनी प्रमाण पत्र, जग्गाको नक्शा, मालपोत कर तिरेको रसिद, फिल्ड निरिक्षण प्रतिवेदन पेश भएपछी स्थानियत तहमा सिफारिस | निः शुल्क | फिल्ड निरिक्षण भै पेश भएको ७ दिनभित्र | योजना शाखा र प्रदेश हरित अभियान सम्पर्क कक्ष | १०२ र १०४ | डिभिजनल वन अधिकृत कोठा नं. २०३ | |
| २ | सामुदायिक वन उपभोक्ता समुह गठन, दर्ता | उपभोक्ता समुहको निर्णयको प्रमाणित प्रतिलपी, तोकिए अनुसारको ढाँचामा समुहको विधान सहितको निवेदन | निः शुल्क | सवै प्रकृया पूरा भएको १ महिना भित्र | योजना शाखा | १०२ | ऐ.ऐ. | |
| ३ | वन कार्ययोजना स्वीकृती तथा सामुदायिक वन हस्तान्तरण | उपभोक्ता समुहको निर्णयको प्रमाणित प्रतिलपी, तोकिए अनुसारको ढाँचामा वन कार्ययोजना र सोको पालना गर्ने कबुलियतिनामा, तोकिएको ढाँचामा निवेदन | निः शुल्क | सवै प्रकृया पूरा भएको १ महिना भित्र | योजना शाखा | १०२ | ऐ.ऐ. | |
| ४ | सामुदायिक वनको काठ, दाउरा विक्री वितरण | स्विकृत वन कार्ययोजनाको परिधि भित्र रहि समुहको निर्णयको प्रतिलपी, सब डिभिजन वन कार्यालयको निरिक्षण प्रतिवेदन र सिफारिस पत्र | निः शुल्क | फिल्ड कार्य समाप्त भै पेश भएको १ दिन भित्र | योजना शाखा | १०२ | ऐ.ऐ. | |
| ५ | कृषि वन, विरुवारोपण, वन व्यवस्थापन सम्वन्धी प्राबिधिक सहयोग | फोन नं.०२१-४६०४०४ मा सम्पर्क गरी वन प्राविधिक संग प्रत्यक्ष भेटघाट गरी प्राविधिक सहयोग लिन सकिने | निः शुल्क | तत्कालै | योजना शाखा र प्रदेश हरित अभियान सम्पर्क कक्ष | १०२ र १०४ | ऐ.ऐ. | |
| ६ | राष्ट्रिय वनको काठ दाउरा | शिलवन्दी र खुल्ला डाक वढावढबाट विक्री | सकार रकम, | सवै प्रकृया पूरा भएको १ दिन भित्र | वन व्यवस्थापन | २०५ | ऐ.ऐ. | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्थानान्तरण इजाजत | रकम दाखिला भै टाँचा विमार्का पछि स्थानान्तरण इजाजत दिने | संकलन खर्च र मु.अ.कर | | शाखा | | | |
| ७ | काठ चिरान इजाजत तथा स्थानान्तरण इजाजत | काठको श्रोत खुलेको छोडपूर्जी, मिलको सहमति, वन प्राविधिक बाट स्थलगत निरिक्षण प्रतिवेदन | निः शुल्क | सवै प्रकृया पुरा भएको दिन | वन व्यवस्थापन शाखा | २०५ | ऐ.ऐ. | |
| ८ | निजी वन र निजी आवादी जग्गाको काठ-दाउराको स्थानान्तरण | जग्गा धनी प्रमाण पत्र, जग्गाको नक्शा, स्थानिय तहको सिफारिश, निजी वनको प्रमाण-पत्र, र फिल्ड प्राविधिकबाट फिल्ड निरिक्षण प्रतिवेदन | मुल्य अभिवृद्धि कर (VAT) | विमार्का मुचुल्का पेश भइ मु.अ.कर दाखिला भएको एक दिन भित्र | वन व्यवस्थापन शाखा | २०५ | ऐ.ऐ. | |
| ९ | जडिबुटी, गैरकाष्ठ वन पैदावार सङ्कलन र स्थानान्तरण इजाजत | डि.व.का.बाट सङ्कलन इजाजत लिई फिल्डबाट नापचाँच मुचुल्का भएपछी स्थानान्तरण इजाजत दिइने | वन नियमावली मा तोकिए बमोजिम | निरिक्षण भै पेश भएको १ दिन भित्र | वन व्यवस्थापन शाखा | २०५ | ऐ.ऐ. | |
| १० | वन्यजन्तु तथा पशुपंक्षी को उद्धार र नियन्त्रण | डिभिजन वन कार्यालयमा सूचना दिने वा निवेदन दिइ जानकारी गराउनु पर्ने | निः शुल्क | तत्कालै | वन व्यवस्थापन शाखा | २०४ | ऐ.ऐ. | |
| ११ | वन्यजन्तुको हानि नोक्सानी मुद्दाको दर्ता | पक्राउ परेका अभियुक्तको अनुसन्धान तथा आवश्यक प्रमाण संकलन भै जिल्ला सरकारी वकिल कार्यालयको राय प्राप्त भएपछी | निः शुल्क | ऐनको म्याद भित्र | मुद्दा फाँट र तोकिएको अनुसन्धान अधिकारी | १०३ | ऐ.ऐ. | |
| १२ | वन अपराध सम्बन्धी मुद्दाको फछ्र्यौट/फैसला | अभियुक्तहरुको वयान गर्ने र आवश्यक साक्षी प्रमाण बुझी मुद्दाको अङ्ग पुगेपछी | फैसला बमोजिमको क्षतपुर्ती रकम तथा जरिवाना | मुद्दा दर्ता भएको १ वर्ष भित्र | मुद्दा फाँट | १०३ | ऐ.ऐ. | |
| १३ | सूचना प्रवाह | सूचना प्राप्त गर्नु पर्ने कारण खुलाई सूचना अधिकारी समक्ष निवेदन दिनु पर्ने | पाँच पृष्ठ सम्म निः शुल्क, सो भन्दा माथी A4 | निवेदन प्राप्त भएको मितिले १५ दिन भित्र | तोकिए बमोजिम | १०२ | ऐ.ऐ. | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | साइजको कागजमा प्रति पृष्ठ रु.५, A4 भन्दा ठुलो साइजको कागजमा प्रति पृष्ठ रु.१० लाग्ने | | | | | |
| १४ | उजुरी गुनासो सुझाव | उजुरी/गुनासो/सुझावको निवेदन/पत्र उजुरी/सुझाव पेटिकामा हाल्ने, वा कर्मचारी प्रशासन शाखामा निवेदन दिने वा कार्यालयको ईमेलः dfomorang@gmail.com मा पठाउन सकिने | निःशुल्क | उजुरको प्रकृति बमोजिम समाय निर्धारण हुने | कर्मचारी प्रशासन शाखा | १०१ | ऐ.ऐ. | |
| १५ | घर निर्माण, विकास कार्यका लागि सहुलियत दरको काठ-दाउरा वितरण | घर निर्माण स्थालको जग्गाधनी प्रमाण-पत्र, स्थानिय तहको सिफारिस, नक्सा पासको प्रतिलपी, मालपोत तिरेको रसिद | जिल्ला वन पैदावर आपूर्ती समितिबाट तोकिएको मूल्य | निवेदन दिएको ६ महिना भित्र | जिल्ला वन पैदावार आपूर्ती समितिका सदस्य सचिव | २०५ | ऐ.ऐ. | |
| १६ | विपदबाट प्रभावितलाई काठ र अन्य सबै प्रयोजनका लागी दाउरा वितरण | काठका लागी जिल्ला विपद व्यवस्थापन समिति वा जिल्ला प्रशासन कार्यालयको सिफारिस, दाउराको हकमा सम्वन्धित व्यक्ती वा संस्थाको निवेदन | जिल्ला वन पैदावार आपूर्ती समितिले तोकेको मूल्य | निवेदन दिएको १ हप्ता भित्र | जिल्ला वन पैदावर आपूर्ती समितिका सदस्य सचिव | २०५ | ऐ.ऐ. | |
| १७ | वन तथ वन्यजन्तु सम्वन्धी प्राविधिक सहयोग | लिखित निवेदन वा मौखिक जानकारी वा टेलिफोन नं. ०२१-४६०४०४ मा फोन गरी जानकारी दिने | निः शुल्क | निवेदन दिएको १ हप्ता भित्र | योजना शाखा र वन व्यवस्थापन शाखा | १०२ र २०५ | ऐ.ऐ. | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | आर्थिक कारोबार, भुक्तानी, राजश्व तथा धरौटी रकम जम्मा गर्ने, धरौटी फिर्ता लिने | लिखित निवेदन सहित आवश्यक विल भरपाई, रसिद, भौचर तथा लेखा शाखाले माग गरे बमोजिमका अन्य कागजातहरु | नियमानुसार | निवेदन दिएको १ हप्ता भित्र | आर्थिक प्रशासन (लेखा) शाखा | २०४ | ऐ.ऐ. | |
| १९ | उद्योग र वन समुहको टाँचा दर्ता र नविकरण | लिखित निवेदन सहित अन्य आवश्यक कागजातहरु | नियमानुसार शुल्क लाग्ने वा नलाग्ने | निवेदन दिएको १ हप्ता भित्र | योजना शाखा र वन व्यवस्थापन शाखा | १०२ र २०४ | ऐ.ऐ. | |
| २० | विरुवा वितरण | ५० वटासम्म भरपाई गरी दिने ५० वटा भन्दा माथी जग्गाधनी पुर्जा र नगारिक्ताको प्रतिलिपी सहति निवेदन ( निवेदनको ढाँचा कार्यालयले उपलब्ध गराउने) | निः शुल्क | निवेदन पेश भएकै दिन | प्रदेश हरित अभियान सम्पर्क कक्ष र नर्सरी संचालन भएका सवै-सव डिभजनहरु | १०४ | ऐ.ऐ. | |

## ३. निर्णय गर्ने प्रकृया र अधिकारी

यस कार्यालयको कार्यक्षेत्र पर्ने माथि उल्लेखित दफा १.२ अनुसारको कार्यालयको कार्यक्षेत्र र प्रदान गरिने सेवाहरुको कार्य विवरण अनुसार बुझ्नुपर्ने फिल्ड/निरीक्षण प्रतिवेदन यस कार्यालयमा प्राप्त भएपछि सम्बन्धित शाखामा कार्यरत शाखा प्रमुखको रायसाथको टिप्पणी कार्यालय प्रमुख समक्ष पेश गरेपछि कार्यालय प्रमुख (डिभिजनल वन अधिकृत) बाट निर्णय हुने प्रक्रिया रहेको छ । साथै क्षेत्राधिकार भन्दा बाहिरको निर्णय गर्नुपर्ने भएमा कार्यालय प्रमुखको रायसाथ आवश्यक कार्यबाहीको लागि माथिल्लो निकायमा आवश्यक निर्देशन माग गर्ने वा निर्णयका लागि पेश गर्ने प्रक्रिया रहेको छ ।


## ४. निर्णय गर्ने प्रकृया र अधिकारी

निर्णय उपर उजुरी सुन्ने अधिकारी कार्यालय प्रमुख (डिभिजनल वन अधिकृत) हुन् । कार्यालय प्रमुखले निर्णय गरेको हकमा उजुरी सुन्ने एक तह माथिको अधिकारी (वन निर्देशनालयको वन निर्देशक र प्रदेश मन्त्रालयको प्रदेश सचिवज्यू) ले उजुरी सुन्ने, वन अपराध सम्बन्धीको फैसला उपर चित्त नबुझेमा कानूनले तोकेको म्याद भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने प्रावधान रहेको छ ।

## ५. सम्पादन गरेको कामको विवरण

यस अवधिमा यस कार्यालयबाट सम्पादन भएका मुख्य विवरणहरु निम्न प्रकार रहेका छन् ।

### ५.१ वनक्षेत्रको विवरण




यस जिल्लामा रहेका वनक्षेत्र र यस आ.व.मा विस्तार भएका वनक्षेत्रहरुको विवरण निम्न तालिकामा देखाइएको छ । साथै अनुसूची २ मा मोरङ जिल्लामा भएको वनक्षेत्रको तथ्यांक देखाएको छ ।

**तालिका नं. २ : वन क्षेत्रको विवरण**

| सि.नं. | वनको वर्गीकरण | संख्या | क्षेत्रफल (हेक्टर) | वनक्षेत्रको प्रतिशत |
|---|---|---|---|---|
| १ | सरकारद्वारा व्यवस्थित वन | | १५२४१ | ३४.२२ |
| २ | सामुदायिक वन | १३७ | २१,९१२.०९ | ४९.२० |
| ३ | साझेदारी वन | 4 | 7,262.76 | १६.३१ |
| ४ | कवुलियती वन | 2 | 78.02 | ०.१८ |
| ५ | धार्मिक वन | 12 | ४६.९३ | ०.११ |
| जम्मा | | 155 | ४४,५४०.०० | १०० |

### ५.२ फिल्ड क्षेत्रको अनुगमन

यस कार्यालय भन्दा माथिल्लो निकायहरु संघीय वन तथा वातावरण मन्त्रालय, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, कोशी प्रदेश, वन तथा भू-संरक्षण विभाग र प्रदेश वन निर्देशनालय, यस कार्यालयबाट समेत यस अवधिमा जिल्लाका सबै सब डिभिजन वन कार्यालयहरु र लगभग सबैतिरको वनक्षेत्रको अनुगमन कार्य सम्पनन भएको छ । २ वटा हात्तीको मृत्यु बाहेक वन क्षेत्रको अवस्था सामान्य अवस्थामा रहेको र यस अवधिमा चोरी निकासीको घटना अत्यन्त न्यून रहेको पाइयो ।

### ५.३ वन्यजन्तुको चोरी शिकारी नियन्त्रण तथा उद्धार र पिडित परिवारहरुलाई राहत वितरण

वनक्षेत्र आसपासका बस्तिहरुमा, राजमार्गमा सवारी दुर्घटनाले घाइते भएका, माउसँग छुट्टिएर एक्लै हराउन पुगेका, आहारा र बासस्थानको खोजीमा दक्षिणी भेगसम्म आइपुग्ने गरेका, टुहुरा तथा घाइते वन्यजन्तुहरुलाई यस

कार्यालयमा सूचना प्राप्त हुनासाथ प्राविधिक टोली पठाई उद्धार गरी आवश्यकता अनुसार उपचार समेत गराइ प्राकृतिक वासस्थान वा तिनको जीवनको संरक्षणको ग्यारेन्टी हुनसक्ने क्षेत्रगत निकायमा छाडी तथा बुझाई वन्यजन्तुको उद्धार तथा पुर्नस्थापना गर्ने गरिएको छ । सवारी साधनका कारण हुने दुर्घटनाबाट वन्यजन्तुको क्षति न्युनीकरण गर्न विभिन्न सचेतनामूलक होर्डिंग बोर्डहरु स्थापनाको साथै प्रचार प्रसार गरिएको छ । विगत वर्षको तुलनामा यस वर्ष हात्तीको विचरण अत्यधिक रहेको र लामो समय बसाइ रहेकोमा २ वटा हात्तीको मृत्यु भएको दुःखद घटना घटेको छ । यस अवधिमा उद्धार गरिएका र मृतक वन्यजन्तुहरुको विवरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ३** : उद्धार गरिएको र मृत्यु भएको वन्यजन्तु विवरण

| सि.नं. | प्रजाति | सशस्त्र सुरक्षा शाखा क्याम्प | | | | मृत्यु | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | सलकपुर | बेलबारी | मंगलबारे | विराटनगर | | |
| १ | चितल | ३ | २ | २ | | ३ | १० |
| २ | बँदेल | | | १ | | | १ |
| ३ | हिउँ चितुवा | | | १ | | | १ |
| ४ | निर विरालो | ३ | | १ | | | ४ |
| ५ | हाती | | | | | २ | २ |
| ६ | ह्विचिल | ३ | | | | | ३ |
| ७ | खरायो | ४ | | | | | ४ |
| ८ | सुनगोहरो | १ | | | | | १ |
| ९ | सर्प | ६९ | १ | | ९७ | | १६७ |
| १० | कछुवा | | १ | | | | १ |
| ११ | अजिङ्गर | ० | २ | ० | ० | ० | २ |
| | **जम्मा** | **८३** | **६** | **५** | **९७** | **५** | **१९६** |

## ५.४ वन विकास कार्यहरु

यस अवधिमा भएका मुख्य वन विकासका कार्यहरु तपसिल बमोजिम छन् ।

### ५.४.१ नर्सरी निमार्ण/मर्मत

यस वर्ष जाँते र पथरी सब डिभिजिन वन कार्यालयमा गरी २ वटा नयाँ नर्सरी निर्माणको कार्य सम्पन्न भएको छ । गतवर्ष सम्म निर्माण भएका विभिन्न स्थानमा रहेका १३ वटा नर्सरीहरु डि.व.का.बाट मर्मत कार्य सम्पन्न भएका छन् ।

### ५.४.२ विरुवा उत्पादन

गुणस्तरीय विरुवा हाम्रो प्रतिवद्धता **(Quality saplings is our motto)** भन्ने नारालाई पूर्णरुपमा आत्मसाथ गर्दै यस आर्थिक वर्षमा डिभिजन वन कार्यालयवाट संचालित नर्सरी, दक्षिणी भेगका नीजि नर्सरी र सामुदायिक तथा साझेदारी वन नर्सरीहरुमा स्थानीय तहको समेत सहकार्य र सहयोगमा उच्च गुणस्तरका, तोकिएको प्रजाति र आकारका विरुवा तोकिएको समयभित्रै उत्पादन गरी वितरण गर्ने लक्ष्य रहेको छ । यस आर्थिक वर्षमा विभिन्न नर्सरीबाट उत्पादन भएका विरुवाको विवरण निम्न अनुसार रहेका छन ।

| सि.नं. | कार्यक्रम | एकवर्षे विरुवा गोटा | बहुवर्षे विरुवा गोटा | जम्मा विरुवा संख्या |
|---|---|---|---|---|
| १ | जिल्ला वनपैदावार आपुर्ति समिति | १००००० | १००००० | २००००० |
| २ | प्रदेश हरित अभियान कार्यक्रम | ४५०००० | ० | ४५०००० |
| ३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन | ० | १९०००० | १९०००० |
| ४ | जम्मा | ५५०००० | २९०००० | ८४०००० |

डिभिजन वन कार्यालय बाहेक अन्य निकायहरुले विरुवा उत्पादन कार्यक्रममा सहयोग गरेका थिए ।

१. बेलबारी न.पा.ले बेलबारी सब डि.व.का.को नर्सरीमा ३००० गोटा र बाँसको ५००० गोटा विरुवा उत्पादन कार्यमा सहयोग प्राप्त ।
२. विराटनगर महानगरपालिकाले विराटनगर सब डि.व.का. को जतुवा स्थित नर्सरीमा एकवर्षे १०००० गोटा उत्पादन कार्यमा सहयोग ।
३. चुरे उत्थानशिल आयोजना इटहरीबाट बहुवर्षे विरुवा २५००० गोटाको दरले बेलबारी र मंगलबारे सब डि.व.का.को नर्सरीमा विरुवा उत्पादन कार्यमा सहयोग ।

**५.४.३ विरुवा वितरण**

यस जिल्लामा बिगत र यस बर्षमा उत्पादन भएका एक बर्षिय र बहुबर्षिय बिरुवाहरु साझेदारी र सामुदायिक वनको वृक्षारोपण क्षेत्र, सार्वजनिक जग्गाको वृक्षारोपण, संघसंस्थाको जग्गामा भएको वृक्षारोपण, किसानको निजी जग्गामा भएको वृक्षारोपण र सडक किनारमा भएको वृक्षारोपण आदि समेत गरी हाल सम्म २,६३,३३५ विरुवा संख्या र जडीबुटी (टिमुर) को विरुवा १९ हजार वितरण र रोपण कार्य सम्पन्न भएको छ ।

**५.४.४ गोडमेल/पुनः रोपण**

विगत आ.व.मा सम्पन्न भएका सार्वजनिक वृक्षारोपण क्षेत्र, साझेदारी वनमा पुनरोत्पादन कटान भएका प्लटहरुमा निम्न अनुसारको गोडमेल र पुनःरोपणको कार्य सम्पन्न भएको छ । यस बाहेक सामुदायिक वन उपभोक्ता समुहले आ-आफ्नो वनक्षेत्रमा विगत आ.व.हरुमा गरेको वृक्षारोपण क्षेत्रमा समेत गोडमेल र पुनःरोपणको कार्य गरेका छन् । यसको विवरण निम्न तालिका अनुसार रहेको छ ।

| **सि.नं.** | **गोडमेल/पुनःरोपण गर्ने समूह संस्थाको नाम** | **ठेगाना स्थानीय ) (तहको नाम** | **क्षेत्रफल (हेक्टरमा)** |
|---|---|---|---|
| १ | डाँसखोला किनार वृक्षारोपण संरक्षण समिति | सुनवर्षी १ | ५ |
| २ | रानी मटर्वा कब्रस्थान वन उपभोक्ता समिति | विराटनगर १७ | १.६८ |
| ३ | रामजानकी मन्दिर वन संरक्षण समिति | विराटनगर १८ | ०.४० |
| ४ | सर्वहितैषी आधारभूत विद्यालय | बुढीगंगा ७ | १.४३ |
| ५ | जनजागृति सा.व. | कानेपोखरी ५ | १ |
| ६ | लाटीझोडा साझेदारी वन | सुन्दरहरैचा ५ | २० |
| ७ | पथरी शनिश्चरे साझेदारी वन | उर्लाबारी ३ | २०.४ |
| **जम्मा** | | | ४९.९१ |

### ५.४.५ वृक्षारोपण

आ.व. २०८०।८१ मा वृक्षारोपण भएको विवरण निम्न तालिकामा देखाएको छ।

| सि.नं. | सब डि.व.का. | वन उपभोक्ता समुहको नाम र ठेगाना | हे. | प्रजाति |
|---|---|---|---|---|
| १ | सलकपुर | सलकपुर सा.व. सुन्दरहरैचा न.पा.८ | २.१६ | साल, असना, किम्बु, अंबा, कुसुम, कटहर, अमला |
| २ | केराबारी | भलुवा सा.व.केराबारी गा.पा.९ | ०.५३ | अंबा, अमला, रुद्राक्ष, सतीसल, खयर, तेजपत |
| ३ | सलकपुर | सुकुना सा.व. सुन्दरहरैचा न.पा.१० | ४.८९ | टिक, जामुन, निम, साल, कटहर, मसला, अम्बा |
| ४ | बेलबारी | सिंहदेवी सा.व. बेलबारी न.पा.८ | २.०८ | अगरवुड, जामुन, कर्मा, बास, बडहर, कटहर |
| ५ | बेलबारी | लक्ष्मी सा.व. बेलबारी न.पा.११ | ५.६४ | रक्तचन्दन, सतीसाल, चाप, जामुन |
| ६ | बेलबारी | नक्सल सा.व. बेलबारी १ | १ | अगरवुड, जामुन, कर्मा, कल्की, जकरन्डा |
| ७ | केराबारी | गरमझोडा सा.व. केराबारी ९ | ०.५६ | अंबा, अमला, रुद्राक्ष, सतिसाल, खयर, तेजपत |
| ८ | लेटागं | किर्तीमाना सा.व. लेटागं न.पा.२ | २.१९ | खयर, |
| ९ | केराबारी | बेलचौरी सा.व. केराबारी गा.पा. ९ | १.०९ | साल, विजय साल, जामुन, सतिसाल, गुलमोहर आदि |
| 10 | बेलबारी | बेलबारी चिसाङ साझेदारी वन | १.७८ | खयर, बाँस, खयर बीजको बीज प्रसारण |
| 11 | मंगलबारे | पथरी शनिश्चरे साझेदारी वन | ४ | |
| 12 | रंगेली, विराटनगर र कानेपोखरी | प्रदेश हरित अभियान कार्यक्रमको जम्मा | ८.४१ | टिक, मसला, जामुन, नीम, गोल्डमोहर, अशोक, अमला, साल, । |
| 13 | जाँते | लालहीरा सा.व. लाहाखेती वृक्षारोपण | २ | कुसुम, खयर र बयर |
| | **जम्मा** | | **३६** | |

### ६. वन व्यवस्थापनका कार्यहरु

यस जिल्लामा रहेका ४ गोटा **साझेदारी वन**हरु क्रमशः लाटीझोडा, लोहन्द्रा कोरावारी, बेलबारी चिसाङ्ग, पथरी शनिश्चरे साझेदारी वन व्यवस्थापन समूहको कार्ययोजना कार्यान्वयन अन्र्तगत मूल समिति र कार्यान्वयन इकाईको बैठक, बार्षिक साधारणसभा सम्पन्न भएको छ। विगतका वर्षहरुमा ढलापडा रुख समेत संकलन नहुँदा यस वर्ष कोशी प्रदेशको नियामावली अनुसार ढलापडा रुखहरु संकलन गरी उपभोक्ताहरुलाई विक्री वितरण गर्ने कार्य जारी रहेको छ ।

## ७. स्विकृत कार्यक्रम र बजेट

आ.व. २०८०/८१ मा संघीय र प्रदेश सरकारबाट प्राप्त भएका स्विकृत कार्यक्रम, बजेट र प्रगति विवरण अनुसूची २ मा उल्लेख गरिएको छ।

## ८. काठ दाउरा उत्पादन, आपुर्ति ब्यवस्थापन

आ.व. २०८०।०८१ मा उत्पादन भएका वनपैदावारको विवरण तलको तालिका प्रस्तुत गरिएको छ।

### (अ) काठ दाउरा उत्पादन र विक्री वितरण

| सि.न. | वनको किसिम | उत्पादन | | | विक्री वितरण | | |
|---|---|---|---|---|---|---|---|
| | | काठ (क्यू.फिट) | दाउरा (चट्टा) | जडिबुटी (केजी) | काठ (क्यू.फिट) | दाउरा (चट्टा) | जडिबुटी (केजी) |
| 1 | सरकारद्वारा व्यवस्थित वन | २४६०४.९२ | ३०.५८ | ४५२१४ | ३६४१८.१८ | ४९.६८ | ४५२१४ |
| 2 | सामुदायिक वन | २५००४३.३ | ५५१.१ | ० | ४९१२२.८३ | ५४ | ० |
| 3 | निजी आवादी | ६९५१४६.६ | ६८७.०५ | ८५००० | ६९५१४६.६ | ६८७.०५ | ८५००० |
| 4 | साझेदारी वन | ९९९८० | १०९.५ | ० | २३६५ | ० | ० |
| 5 | धार्मिक वन | ११०२ | १.७८ | ० | ० | ० | ० |
| **जम्मा** | | **१०७०८७७** | **१३८०.०१** | **१३०२१४** | **७८३०५२.६१** | **७९०.७३** | **१३०२१४** |

### (आ) वन पैदावारको आपुर्ति ब्यवस्थापन

| क्र.सं. | वितरण गर्ने निकाय | घरधुरी/संस्था | काठ (क्यू.फी.) | दाउरा (चट्टा) |
|---|---|---|---|---|
| १ | **जिल्ला वनपैदावार आपूर्ति समिति** | | | |
| | घर निर्माण/मर्मत | २९८ | १८८६८.६३ | |
| | दैविक प्रकोप पिडितलाई राहत | २१ | ८२९.९५ | |
| | दाहसंस्कार प्रयोजन | २ | ० | ४४ |
| | धार्मिक प्रयोजन | ३ | ० | ९ |
| | शितलहर प्रयोजन | २ | ० | ४ |
| २ | लाटीझोडा साझेदारी वन | ० | ० | ० |
| ३ | लोहन्द्रा केराबारी साझेदारी वन | ३४ | ८४५.७१ | २.५ |
| ४ | बेलबारी चिसाङ साझेदारी वन | ३१ | ४४६.३२ | ० |
| ५ | पथरी शनिश्चरे साझेदारी वन | २९ | १०७३ | ० |
| **जम्मा** | | ४२० | २२०६३.६ | ५९.५ |

**९. राजस्व र मु.अ.करको विवरण**

चालु आ.व. २०८०।८१ मा यस कार्यालयबाट संकलित राजस्व विवरण निम्न प्रकार रहेको छ।

तालिका नं. ६ : (क) राजस्व को विवरण

| राजस्व शिर्षक नं. | राजश्व शीर्षकको विवरण | रकम रु. |
|---|---|---|
| 14212 | सरकारी सम्पतिको विक्रीबाट प्राप्त रकम | १००० |
| 14219 | अन्य सेवा शुल्क तथा विक्री | ९६०७१०५.७५ |
| 14229 | अन्य प्रशासनिक सेवा शुल्क | ३८८६४५.०२ |
| 14264 | वनक्षेत्रको अन्य आय | ६८१७५ |
| 14312 | प्रशासनिक दण्ड जरिवाना र जफत | ६२५०० |
| 15111 | बेरुजु | ५६४९७ |
| 33361 | वनक्षेत्रको रोयल्टी | ३२४५३१७१.८२ |
| **जम्मा** | | **४,२६,३७,०९४.५९** |

(ख) मु.अ.करको विवरण

| सि.न. | वनको किसिम | मुकर.अ. रु. |
|---|---|---|
| १ | सरकारद्वारा व्यवस्थित वन | ४०,३५,६०८ |
| २ | सामुदायिक वन | ५९,२३,६४२ |
| ३ | निजी नम्बरी आवादी | १,६८,६६,००३ |
| ४ | साझेदारी वन | ० |
| ५ | धार्मिक वन | ० |
| **जम्मा** | | २,६८,२५,२५३ |

**(उ) आ.व.** २०८०/८१ **मा विदेशबाट जोगबनी नाकाबाट आयात भएका चिरान काठको विवरण**

| सि.न. | स्थानीय नाम | बैज्ञानिक नाम | आयातित देश | चिरान परिमाण क्यु.फि. |
|---|---|---|---|---|
| 1 | Bangkirai | Shorea species | INDONESIA | 3645.89 |
| 2 | Balau | Shorea species | MALAYSIA | 1961.69 |
| 3 | Bangkirai | Shorea species | INDONESIA | 1556.68 |
| 4 | Bangkirai | Shorea species | INDONESIA | 1415.75 |
| | | | जम्मा | 8580.02 |

**१०. जडिबुटी विकास (प्रदेश सरकार र संघ शसर्त अनुदान)**

यस जिल्लामा तोकिएको जडिबुटी पकेट क्षेत्रहरु जस्तै केराबारी गा.पा., लेटागं न.पा. र मिक्लाजुगं गा.पा. का चुरे र महाभारत क्षेत्रहरुमा रहेका वन उपभोक्ता समुहहरुको वनक्षेत्र तथा निजि किसानहरुको जग्गामा तेजपात, रिठ्ठा, कुरिलो लगायतका जडीबुटीहरुको साथै टिमुरको विरुवा खरीद गरी वितरण एवं वृक्षारोपण गरिएको छ । महत्वपूर्ण जडिबुटी स्रोतहरुको दिगो संरक्षण र विकासका लागि परम्परादेखि यसको संकलनबाट जीविकोपराजन गर्दै आएका विपन्न तथा पिछडिएका वर्गलाई खेती विस्तार र उद्यम विकासमा सहभागी गराई आयआर्जनका अवसरवाट गरिबी न्यूनीकरण र समतामूलक विकासमा समेत सघाउ पुरयाउने अभिप्रायकासाथ कार्यक्रम संचालन गरिएको थियो ।

## ११. लाहा खेती विस्तार तथा प्रविधि हस्तान्तरण

लाहा खेती प्रवर्धनको लागि डिभिजन वन कार्यालय मोरङ्गको तर्फबाट लाहा खेती हुन सक्ने सम्भावित क्षेत्रको पहिचानको लागि डिभिजनल वन अधिकृतको अगुवाईमा वन अधिकृत लगायतको टोलीबाट मोरङ्गको उत्तरी क्षेत्रको अनुगमन गरिएको थियो।जसमा केराबारी, लेटाङ्ग, जाँते, मधुमल्ला सव डिभिजन वन कार्यालयको कार्य क्षेत्रहरुमा स्थानिय सँग अन्तरकृया गरिएको थियो।जाँते, लेटाङ्ग र केराबारीका किसान लाहा सँग परिचित रहेका र कतिपयले परम्परागत रुपमा नगण्य मात्रामा भए पनि लाहा उत्पादन गरेको अनुभव सुनाएका थिए।यी क्षेत्रहरु मध्ये प्राकृतिक रुपमा नै लाहा भईरहेको लेटाङ्ग-८ स्थित लालहिरा सा.व. लालझोडा क्षेत्र लाहा खेतिको लागि उपयुक्त हुन सक्ने ठहर गरिएको थियो। जुन क्षेत्र लाहा खेती सम्बन्धी अनुभवी लाहा अभियन्ता डम्बर बि.क. समेत सव डिभिजन वन कार्यालय जाँतेको टोलीले पुनः अनुगमन गरी उपयुक्त हुन सक्ने क्षेत्रको रुपमा पहिचान गरिएको थियो।हावापानी, मौसम र अन्य प्राकृतिक अवस्थाले समेत यो ठाउँ लाहा खेतीको लागि सम्भावनायुक्त भएको र लालहिरा सा.व.उ.स.,लेटाङ-८ का पदाधिकारी, उपभोक्ता, किसान समेत यो कामको लागि इच्छुक रहेको पाइएको थियो।त्यसै गरी सम्भावित केराबारी गा.पा.३ स्थित रामपुर सामुदायिक वनक्षेत्रका वन उपभोक्ताहरुले पनि स्थानीयस्तरमा खयर/पट्के शिरिष रुखहरुबाट लाहा संकलन गरेको पहिचान भएको थियो ।

## १२. मुद्दा दायरी र फर्छयौट

वन अपराध नियन्त्रण र कानुन कार्यान्वयनमा सहजताका लागि सलकपुर, बेलबारी र मंगलबारे सब-डिभिजन वन कार्यालयहरुमा सशस्त्र वन सुरक्षा शाखा र थुनुवा कोठाको समायानुकुल सरसफाई, मर्मत र संचालन हुँदै आएकोमा थप १ थुनुवा काठा डिभिजन वन कार्यालयमा पनि व्यवस्थापन गरिएको छ । वनजंगल संरक्षणका लागि सकलपुर, बेलबारी र मंगलबारे सब डिभिजन वन कार्यालयहरुमा ड्युटी रजिष्टरमा अभिलेख राखी सो अनुसार सशस्त्र वन रक्षक तथा वन कर्मचारीहरु र साझेदारी वनका हेरालु मार्फत संयुक्त गस्ती परिचालन गरिएको छ । वन जंगल संरक्षण लक्षित गस्ती कार्यलाई तिब्रता दिई वन अपराधीहरुलाई कानूनी कार्यबाहीको दायरामा ल्याउने कार्य जा छ । चालु आ.व.मा अवैध वनपैदावार तथा वन्यजन्तु चोरी शिकारीको अभियोगमा डिभिजन वन कार्यालयबाट अनुसन्धान भई सम्मानित मोरङ जिल्ला अदालतमा यस अवधिसम्ममा जम्मा मुद्दा १४ वटा दायर भएका छन् ।

| मुद्दा दायरको आ.व. | मुद्दाको किसिम | मुद्दाको किसिम |
|---|---|---|
| २080/८1 | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष ऐन अनुसार (वन्यजन्तु मुद्दा) | २ |
| | वन ऐन अनुसार (वन मुद्दा) | १२ |
| **जम्मा** | | **१४** |

## १३. सूचना अधिकारी र प्रमुखको नाम र पद

कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद यस प्रकार छन् ।

(क) कार्यालय प्रमुखको नाम : उत्सव थापा, पद : डिभिजनल वन अधिकृत, सम्पर्क नं. ९८५२०२६६१४

(ख) सूचना अधिकारीको नाम : राम लखन ठाकुर, पद : वन अधिकृत, सम्पर्क नं. ९८५२०८१११०


## १४. कार्यालयको वेभसाइट र इमेल ठेगाना :

*Website:www.dfomorang.koshi.gov.np, email:* dfomorang@gmail.com

**अनुसूची १ डिभिजन र सब डिभिजन कार्यालयहरु रहेको स्थान र कार्यक्षेत्रको विवरण र नक्सा**

| सि.नं. | डिभिजनको नाम | सब डिभिजनको नाम | डिभिजन/सब डिभिजनको मुकाम | कार्यक्षेत्र |
|---|---|---|---|---|
| | **डिभिजन वन कार्यालय मोरङ, विराटनगर, मोरङ** | | **विराटनगर ३, पोखरीया** | **मोरङ जिल्ला** |
| १ | **सव डिभिजन वन कार्यालय** | मधुमल्ला | मिक्लाजुगं गा.पा. ७, (साविक मधुमल्ला ई.व.का. रहेको भवन) | मिक्लाजुगं गा.पा.को वडा न १,२,३,६,७,८,९ |
| २ | | मगंलबारे | उर्लाबारी न.पा. ३, ( साबिक मंगलबारे से.व.का. भवन) | उर्लाबारी न.पा.को सबै वडाहरु र रतुवामाई न.पा. वडा नं. ८,९,१० |
| ३ | | पथरी | पथरी शनिश्चरे न.पा. १, (साबिक पथरी ई.व.का. भवन) | पथरी शनिश्चरे न.पा.को सबै वडाहरु, सुनवर्षी न.पा.वडा नं. १,२ |
| ४ | | जाँते | लेटागं न.पा. वडा नं. ९ (साविक ई.व.का. भवन रहेको ठाउँ) | लेटाङ न.पा. वडा नं. ८, ९, मिक्लाजुगं गा.पा. वडा नं. ४ र ५ |
| ५ | | लेटाङ | लेटाङ न.पा. वडा नं. ३, बजार | लेटाङ न.पा. वडा न..१,३,४,५,६,७ |
| ६ | | कानेपोखरी | कानेपोखरी गा.पा. वडा नं. ५, कानेपोखरी (साविक वयरवन ई. व.का. भवन) | कानेपोखरी गा.पा.को सबै वडाहरु |
| ७ | | बेलबारी | बेलबारी न.पा. ३ (साविक बेलबारी से.व.का. रहेको ठाउँ) | बेलबारी न.पा वडा नं. १,३,४,५,६, ७, ८,९, १०,११र लेटांग न.पा. वडा नं. २ |
| ८ | | सलकपुर | सुन्दर हरैचा न.पा. वडा नं. ८, सलकपुर ( साबिक सलकपुर से.व.का. भवन) | सुन्दरहरैचा न.पा. वडा नं. १,२,३,७,८,९,१०,११,१२, बेलबारी न.पा. वडा नं. २, केराबारी गा.पा. वडा नं. ९, |
| ९ | | केराबारी | केराबारी ८ (साबिक केराबारी ई.व.का. भवन) | केराबारी गा.पा.वडा नं. १,२,३,७,८,१० |
| १० | | लाटीभ्फोडा | सुन्दर हरैचा न.पा. वडा नं. ५, लाटीभ्फोडा | सुन्दरहरैंचा न.पा. वडा नं. ४,५,६, केराबारी गा.पा. वडा नं. ४,५,६ |
| ११ | | विराटनगर | कटहरी गा पा वडा नं. २, हाटखोला | विराटनगर म.न.पा., जहदा गा.पा., कटहरी गा.पा., ग्रामथान गा.पा. र बुढीगंगा गा.पा.को सबै वडाहरु |
| १२ | | रंगेली | रंगेली न.पा. ४, आमतोला | रतुवामाई न.पा. वडा नं. १,२,३,४,५,६,७, सुनवर्षी न.पा. वडा नं. ३,४,५,६,७,८,९, रंगेली न.पा. १ देखि ९, धनपाल गा.पा. सबै वडाहरु |

## अनुसूची १ : सब डिभिजन वन कार्यालयको अवस्थिति



## अनुसूची २ : विनियोजित बजेट र खर्चको विवरण

| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट रु लाखमा | | | खर्च | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | वित्तिय % |
| 1 | ३२९००१०१ | वातावरण संरक्षण कार्यक्रम | ६ | ० | ६ | ६ | ० | ६ | १०० |
| 2 | ३२९००१०२ | वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यक्रम | ३० | ० | ३० | २८.६ | ० | २८.६ | ९५.३५ |
| 3 | ३२९०१०१२ | डिभिजन वन कार्यालयहरु | ८३५.२ | ५०.५ | ८८५.७ | ७३७.७ | ५०.५ | ७८८.२ | ८९.०९ |
| 4 | ३२९०११०१ | प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम | १४३.५४ | ९३ | २३६.५४ | १३२.४४ | ८७ | २१९.४४ | ९२.७७ |
| 5 | ३२९०११०२ | प्रदेश हरित अभियान कार्यक्रम | ४२.८ | ९८.५ | १४१.३ | ३७.९ | ९० | १२७.९ | ९०.५४ |
| 6 | ३२९०११०३ | जडिबुटी विकास कार्यक्रम | ०.२ | १० | १०.२ | ०.२ | १० | १०.२ | १०० |
| 7 | ३२९९१११२० | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)(संघ शसर्त अनुदान) | १७१.९ | ० | १७१.९ | १७१.७ | ० | १७१.७ | ९९.८५ |
| 8 | ३२९९१११२१ | वातावरण विभाग(संघ शसर्त अनुदान) | ० | १५ | १५ | ० | १५ | १५ | १०० |
| 9 | ३२९९१११२२ | जडिबुटी विकास कार्यक्रम(संघ शसर्त अनुदान) | ० | १३ | १३ | ० | ६ | ६ | ४६.१५ |
| 10 | ३२९९१११२४ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | २५ | १२२ | १४७ | २५ | ११३.६ | १३८.६ | ९४.३१ |
| 11 | ३२९९१११२६ | वन तथा भू-संरक्षण विभाग(संघ शसर्त अनुदान) | १६.३ | ० | १६.३ | १६ | ० | १६ | १०० |
| **कुल जम्मा** | | | **१२७०.९** | **४०२** | **१६७२.९** | **११५५.५** | **३७२.१** | **१५२७.६** | **१००८.१** |